**२०७५ फागुन २ गते शुभारम्भ भएको प्रधानमन्त्री रोजगार कार्यक्रममा माननीय अर्थमन्त्री डा. युवराज खतिवडाज्यूले व्यक्त गर्नुभएको शुभकामना मन्तव्य ।**

आजको दिन यो मुलुकको रोजगारी सम्बन्धी मौलिक हक कार्यान्वयनको दिन हो । आजको दिन हामीले भन्नु पर्दा श्रम जिविहरु कै दिन हो । श्रमिक र श्रमको सम्मान गर्ने दिन हो । श्रमको मर्यादा गर्ने दिन हो । श्रमलाई अनौपचारिकबाट औपचारिक बनाउने पनि हो । श्रमको ज्यालालाई सम्मानजनक जीवनयापन गर्न पाउने गरी व्यवस्थापन गर्ने र सोको वातावरण सृजना हुने दिन पनि हो ।

आजको दिन सामाजिक सुरक्षाको सबैभन्दा उत्तम विकल्प रोजगारी दिने कामको सुरुवात गरेको दिन पनि हो । यो मानेमा एउटा स्वाभिमानी र सम्मानजनक जीवन जिउने नागरिकहरुको सुरुवाती दिन पनि हो, भनेर हामी कार्यक्रमलाई सुरुवात गर्न चाहेका छौं । धेरै लामो सपना हो, हाम्रो यो रोजगारीको हकलाई कार्यान्वयनगर्ने । हाम्रा दशक अघिदेखिका प्रयासहरु हुन, यस तर्फ । तर जब हामी संविधान निर्माण र यसको कार्यान्वयन गर्ने क्रमसागै सुरुवातगरेका छौं, यो भनिरहदाा हामीसाग सम्पूर्ण श्रमबजारमा आवद्ध हुन चाहने नागरिकहरुका लागि काममा सम्बन्ध स्थापित गराउने यो एउटा विधि हो । यो बाहेक हामीसाग अन्य प्रक्रिया, विधि र हाम्रा पहलहरु पनि छन्, रोजगारी तथा स्वरोजगारीको लागि ।

उदाहरणको लागि स्वरोजगारमा जान चाहने नागरिकहरुको लागि हामीसाग अरु उपाय छन् । जसको हामी व्यवसायको लागि सहुलियतपूर्ण कर्जाको माध्यमबाट सुरुवात गरिसकेका छौं । त्यसैगरी उच्च प्राविधिक काम गर्नेहरुका लागि सेवा क्षेत्रका कामका अवसरहरु सृजना गर्ने कुराहरु पनि हुन्छन् । त्यसो भएको हुनाले रोजगारीको हकलाई समग्रतामा स्वरोजगारी र ज्यालामा रोजगारी तथा उच्च प्राविधिक तहको रोजगारी सन्दर्भमा बुझ्नुपर्छ भन्ने कुरा म राख्न चाहान्छु । यो कार्यक्रमबाट हामीले के अपेक्षा गर्न सक्छौं ? कमसेकम श्रमिकहरुले आफुले काम गर्न पाउनु पर्दछ । काम गर्न पाएन भने राज्यले सामाजिक सुरक्षा दिनु पर्दछ र त्यो सामाजिक सुरक्षा, अर्को ठाउंमा काम नपाउन्जेलसम्मको लागि मात्र हुनु पर्दछ ।

खासगरी जब मुलुक एउटा जानसांखिक लाभको अवस्थामा पुगेको छ, जहाा युवा शक्ति हाम्रो जनसरोकारको सबैभन्दा ठुलो हिस्सा छ । त्यो शक्तिलाई श्रम बजारमा आवद्ध गर्न सकेनौ भनेर त्यस्तो श्रममा आवद्ध हुन चाहनेको श्रमको योगदानबाट राष्टÇ निर्माण र राष्ट्रिय अर्थतन्त्र सवल बनाउन सकेनौ भने हामीले दिने सामाजिक सुरक्षाका व्यवस्थाहरुलाई पनि हामीले दिगो र धान्न सक्ने पार्न सक्दैनौ । त्यसो भएकाले नै हामीले पहिले श्रम गर्ने सक्षम, योग्य नागरिकलाई उचित ज्याला र न्यायोचित मर्यादा तथा सम्मानका साथ काममा लगाउने हो । श्रमबजारमा आवद्ध हुन नसक्ने नागरिकहरुलाई राज्यले सामाजिक सुरक्षाको माध्यमबाट सुरक्षा दिने हो । यसै कामतर्फ सरकार अघि बढेको छ । सामाजिक सुरक्षा हकको कार्यान्वयन गर्न पनि रोजगारीको हक पुर्वशर्त हुन आउाछ । त्यसपछि हामी सामाजिक सुरक्षाका अन्य पाटोहरुमा जान बल पनि पुग्छ ।

अब क्रमश: मुलुक सर्वव्यापी सार्वजनिक सामाजिक सुरक्षाको दायरा तर्फ जादै छ । बालबालिका र बृद्धबृद्धालाई हामीले एक प्रकारले सामाजिक सुरक्षा दिएका छौं । अब काम

गर्नेहरुलाई हामीले सामाजिक सुरक्षा दिने सबै भन्दा उत्तम उपाय श्रमको अवसर दिने हो । त्यस्ता श्रममा जोडिन नसक्ने तथा अपा» गता भएका व्यक्तिहरुलाई हामीले दिने सामाजिक सुरक्षाका छुभै प्रबन्ध त छदैछन् । अब यसलाई हामीले उत्पादन र उत्पादकत्व बढाउने एउटा स्वाभिमानी र उन्नत नागरिक जीवन बिताउान सक्ने नागरिकहरु तयार गर्ने सन्दर्भमा पनि जोड्नु पर्दछ भन्ने कुरा मैले यहाा राख्न चाहे । यो कार्यक्रमको सुरुवातसागै दुई तिनवटा विषयको पहिलो अपेक्षा हामीले राखेका छौं ।

एउटा कुरा के हो भने जहाा श्रम प्रधान प्रविधि प्रयोग हामीले प्रदान गर्न सक्छौ त्यहाा श्रमको प्रयोग गरौं । जसले हरित विकासलाई पनि सहयोग गर्छ, जसले रोजगारीका अवसर सृजना गर्छ, जसले वातावरण सन्तुलनमा प्रतिकुल असर गर्दैन र हामी सबैले एउटा विकास कार्यमा सहभागी भएको अनुभूति पनि गर्न पाउाछौं त्यस तर्फ हामी जानु पर्छ ।

दोस्रो कुरा अबका श्रमहरु क्रमशः औपचारिकरण हुनै पर्छ । अनौपचारिक श्रम सम्बन्धहरु शोषणमुलक हुन्छन्, त्यहाा अमर्यादित कामका सम्भावनाहरु हुन्छन् । त्यहाा जोखिमयुक्त कामहरु पनि गर्नुपर्ने अवस्था सृजना हुन्छ । यो प्रधानमन्त्री रोजगार कार्यक्रमले अमर्यादित न्यूनतम ज्यालाभन्दा कम ज्याला दिने र जोखिमपूर्ण काम गर्ने व्यवस्थालाई न्यूनिकरण गर्ने र सम्भानित श्रमिक जीवन बिताउान पाउनुका साथै श्रमको सम्मान गर्ने वातावरण सृजना हुन्छ । यस तर्फ हाम्रो अपेक्षा छ ।  यो कार्यक्रम गरिरहदाा खेरी केही कुराहरु मैले भन्नै पर्ने हुन्छ, थप केही कामहरु गर्नुपर्ने छ ।

पहिलो काम भनेको यसलाई हामीले रोजगारी प्रत्याभूति गर्ने अभियान भनेका छौं, प्रधानमन्त्री रोजगार कार्यक्रम भनेको रोजगार प्रत्याभूति कार्यक्रम हो । श्रम गर्न चाहनेलाई हामीले श्रम गर्ने मौका दिनुपर्छ, दिएनै भने हामीले क्षतिपूर्ति दिनुपर्छ । त्यसो भएको हुनाले सार्वजनिक विकास निर्माणका सम्पूर्ण कार्यमा हामीले हाम्रा श्रमिक सेवा केन्द्रहरुलाई अथवा स्थानीय तहमा भएका सेवा केन्द्र मार्फत प्राप्त हुने जनशक्तिको जानकारी र सूचना दिने सार्वजनिक विकास निर्माण गर्ने संस्था वा निकायले ती श्रमिकलाई काम गराउन पर्ने एउटा बाध्यकारी अबस्था हामीले सृजना गर्नुपर्छ । त्यसको लागि सार्वजनिक खरिद ऐनमा गर्नुपर्ने व्यवस्थाहरु, त्यो साग सम्बन्धीत नियमावलीमा गर्नुपर्ने व्यवस्थाहरु तथा त्यो साग सम्बन्धीत संघीय कानूनसाग सम्बन्धीत, त्यसको नमूनामा आधारित भएर प्रदेश र स्थानीय तहले निर्माण गर्ने विकास निर्माणसाग सम्बन्धीत तथा खरिद सम्बन्धी ऐन कानुनमा पनि यी विषयहरु व्यवस्थापन गरेर जानुपर्ने हुन्छ ।

संघीय बजेटको ठूलो अंश क्रमशः प्रदेश र स्थानीय तहमा हस्तान्तरण हुर्दै जादाा सार्वजनिक विकास निर्माण सृजना हुने काममा हाम्रो योजना अनुसारको श्रमिक प्रयोग गर्नुपर्ने हुन्छ । त्यसका लागि तिनै तहका कानूनहरु बने भने अझै हामीलाई सहज हुन्छ । दोस्रो कुरा यो कार्यक्रममा अत्यन्त धेरै स्रोत साधनको हामीलाई आवश्यकता पर्न सक्छ । त्यसो भएको हुनाले यो साधन स्रोत जुटाउनमा संघीय सरकारले आफ्नो तर्फबाट पहल गर्छ नै, प्रदेश र स्थानीय तहको पनि यसमा सहभीगता हुन आवश्यक छ भन्ने मैले ठानेको छु ।

समग्रमा यो संघ, प्रदेश र स्थानीय तहको साझा कार्यक्रम हो । हामी सम्पूर्ण नेपालीहरुलाई एउटा सवल सक्षम, स्वाधिन र स्वाभिमानी नागरिक बनाउने कार्यक्रम हो । यसलाई हामीले

त्यसरी नै सफल पारौं र यो साग सम्बन्धीत जति पनि आवश्यक कार्यहरु गर्नुपर्ने छ, थप कार्यहरु गर्नुपर्ने छ, यसमा हामी लागीरहौं । आजको दिनले हामी सबैलाई यो प्रेरणा पनि दियोस । यहााहरु सबैलाई शुभकामना छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय जसले यो कार्यक्रमलाई कार्यन्वयन गर्ने तहसम्म ल्याउन सक्यो, यसका लागि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका मन्त्रीज्यूलगायत सम्पूर्ण कर्मचारी परिवारलाई बधाई दिन चाहन्छु । धन्यवाद